# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-३ | अंक-१७ | २०७५ कार्तिक २८ गते बुधबार | 14 November 2018 Wednesday | मूल्य रू. १०/-



कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्नु वा गराउनु हुदैन । यदि गरेमा जातीय भेदभाव ऐन बमोजिम सजाए हुनेछ ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## बेरोजगारले युवा भारत पलायन

**मिसन न्यूज**

**कालिकोट-**रास्कोट नगरपालिका १ का कलेन्द्र शाही रोजगारीका लागि भारत गएको एक बर्ष भयो । उनले दशैंको वेला घरमा आउने श्रीमतीसँग बचन दिएका थिए । तर, सोचेजस्तो कमाइ नभएपछि उनि दशैंमा घर फर्किएनन् । दशैंको मुखमा श्रीमानको बाटो कुरेर बसेकी उनकी श्रीमती भद्रा शाहीको अनुहारमा खुसी छैन् । एक छोरा र एक छोरी पालनपोषण गरेर घर धानेकी भद्रालाई श्रीमानको मायाले सताइ रहन्छ ।

प्रविणता पत्र तह (प्लस टु) उत्तिर्ण गरेका कलेन्द्रले आफ्नो मार्कसिट बाकसमा राखेर भारत गएका हुन् । गाउँमा रोजगारको माध्याम नभएपछि श्रीमान् भारतको हिमाचल गएका हुन् । 'श्रीमान्सँगै वस्न रहर किन नहुनु । गाउँमा वेरोजगार वस्नुभन्दा छोराछोरीको भविष्यको लागि पनि घर छोड्नु पर्ने बाध्यता भयो ।' भद्राले भनिन् , 'मेरो श्रीमान मात्र होइनन् गाउँका धेरै युवा वेरोजगार भएपछि भारत गएका छन् ।' रास्कोटका कलेन्द्र शाही रोजगार खोज्दै भारतको हिमान्चल गएको त एक प्रतिनिधि मुलक उदाहरण हो । यस्तै रास्कोटका हजारौं युवा बेरोजगारले



कर्णाली राजमार्ग हुँदै कालिकोटका स्थानीय रोजगारका लागि कालापहाड जान महेन्द्रनगरको वसमा यात्रा गर्दै ।

तड्पीए पछि खाडी मुलुक र भारतको कालापहाड गएका छन् । दशैं सकिए लगत्तै भारत जानेको लर्को लागेको छ । गाउँमा रोजगार नपाएपछि अधिकांस गाउँलेहरु भारत जान बाध्य भएका छन् ।

**गाउँ खाली हुँदै**

रास्कोट नगरपालिका १ का अर्का युवा चमन विकले भर्खरै विवाह गरेका थिए । बिहेपछि उनले श्रीमतीबीचको पिरती गहिरिन नपाउँदै उनीहरूबीच केही महिनाका लागि बेरोजगारले बिछोडीनु पर्ने बाध्यता आयो । चमनलाई रोजीरोटीका लागि भारत जानुपर्ने बाध्यता भएपछि उनको श्रीमतीलाई मन थाम्न मुस्किल भएको छ । खेतीपातीको समय सकिएपछि यतिबेला भारत जाने युवाको लर्को लागेको छ । भर्खरै बिहे गरेका श्रीमती,

बाँकी ८ पृष्ठमा.....

## बालअधिकार कार्यान्वयन नगरेको गुनासो

**विस्नप्रसाद न्यौपाने**

**कालिकोट-**कालिकोट जिल्लामा छैटौं जिल्ला बाल भेला सोमबार सुरु भएको छ । जिल्ला प्रशासन कार्यालय तथा जिल्लाका ९ वटै स्थानीय तहको समन्वयमा जिल्ला बाल संजालले बाल भेला आयोजना गरेको हो । भेलाको उद्घाटन कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरुले सरकारले बालबालिका सम्बन्धि बनाएका नीति नियमहरुको प्रभावकारी रुपमा कार्यन्वयन नभएको टिप्पणी गरे ।

कार्यक्रममा किर्डाक नेपालका जिल्ला संयोजक तुलाराम पाण्डे, सेभ द चिल्डेनका बाले बिक, इन्सेक प्रतिनिधि कालीबहादुर मल्ल लगायत वक्ताहरुले सरकारले बनाएका नीति तथा प्रतिबद्धता कार्यन्वयन नहुँदा बालबालिकाहरु अधिकारबाट बञ्चित भएको बताएका थिए । प्रमूख जिल्ला अधिकारी चन्द्रबहादुर कार्कीले महिला तथा बालबालिका कार्यालय खारेज भइसकेपछि जिल्ला बाल संरक्षण समिति पनि निस्कृय रहेको बताएका थिए ।

बाँकी ४ पृष्ठमा..

## नगरपालिकाको गाडीमा छोराको मस्ती

**मिसन न्यूज**

**कालिकोट -** जिल्लाको रास्कोट नगरपालिका मेयर कासीचन्द्र बरालले सरकारी गाडीको दुरुपयोग गरेका छन् । नगरपालिकाको गाडी छोरालाई सिकारुकोरुपमा प्रयोग गर्न दिँदै मेयर बरालले सरकारी गाडीको दुरुपयोग गरेका हुन् । दसैं-तिहारको लामो विदामा नगर प्रमुख बरालले सुर्खेत-नेपालगंज तिर छोरालाई गाडी सिकाउन लिएका हुन् । नियम र कानुन विपरित सरकारी गाडी छोरालाई सिक्न दिएको भन्दै नगरवासी आक्रोसित बनेका छन् । नगर प्रमुख बरालका छोरा दिनेश बरालले




बुवाको गाडी भन्दै ढुक्कका साथ प्रयोग गर्दै आएका छन् । नेपालगंजको बेस्त सडकमा नगरपालिकाको गाडी मेयरका छोराले हाँकेको देख्दा स्थानीय चकित बनेका थिए । गाडीमा बसेका एक जनाले त छोरालाई नै चालक बनाएका हुन की सोचेका रहेछन् । बुभ्दै जाँदा गाडी छोरालाई सिकाउन प्रयोग भएको रहेछ । मेयरका छोराले सरकारी नम्बर प्लेट भएको गाडी गुडाउदै गरेको फोटो र भिडियो समेत सार्वजनिक भएको छ । नेपागंजतिरको यात्रागर्दै नगर प्रमुखका छोरा दिनेशले फेसबुकमै तस्बिर र भिडियो पोष्ट गरेका छन् । सरकारी गाडी दुरुपयोग मात्र होइन स्रोतकाअनुसार नगर प्रमुखले कार्यालयको फोहोर हाल्ने डस्टविनदेखि ठुला अन्य आवश्यक सामग्री आफै खरिद गर्ने गरेका छन् । नगरपालिकामा सार्वजनिक सुनुवाई समेत अहिलेसम्म नगरेको स्थानीयको गुनासो छ । सडक, भवन, खानेपानी लगायतका विकासका पूर्वाधारमा सुस्त गति देखिन्छ । नगर प्रमुखको घर वास्तविक रास्कोटको फुकोटमा भएपनि विदाको समयमा उनी सुर्खेतको घरमा बस्ने गरेका छन् । उनले नगरपालिकाको गाडी लिएर सुर्खेतमै दसैं-तिहार मनाएका हुन् । वास्तविक

बाँकी ८ पृष्ठमा.....

# कर्णाली प्रदेशको विकासमा हिल्सा नाका

नगिन्द्र शाही (नेशनल)

जुन स्थान मुलुकको राजधानी र छिमेकी मुलुकसँग सोझै जोडिएको छ, त्यस क्षेत्रको विकास अन्य सम्भावनाहरुसँग नजोडिएको क्षेत्रभन्दा तुलनात्मकरुपमा केही धेरै भएको हुन्छ। विश्व परिवेशमा हेर्दा जुन देश समुद्रसँग जोडिएको छ, त्यस देशको विकास अन्य देशको तुलनामा थोरै भए पनि सन्तोषजनक देखिन्छ। सबैलाई अवगत नै छ, वि.सं. १८४६ पूर्व तत्कालीन बाइसे-चौबीसे राज्यमध्येको कर्णाली राज्य तिब्बतसँग सीधा जोडिएका कारण हालको नेपालमा रहेका तत्कालीन सबै राज्यहरुमध्येकै सबैभन्दा बलशाली, धनशाली राज्यको रुपमा कर्णाली रहेको थियो।

तिब्बतबाट आयात गरिएको सामान विक्री वितरण गर्ने मुख्य बजार जुम्लाको हाट सिंजाबाट नै हुन्थ्यो। हाट सिंजा त्यति बेलाको सबैभन्दा ठुलो बजार थियो, जहाबाट तत्कालिन बाइसे-चौविसे राज्यहरुमा रहेका जनता आफुलाइ चाहिने आबश्यक घरखर्चका सरसामानहरु घोडा, भेडामार्फत ढुवानि गरेर लिने गर्थे। जुम्लाको हाट सिंजा र दांगको झ्याली त्यति बेलाका दुइ प्रमुख बजार रहेका थिए। बर्षायाममा जुम्लाको हाट सिंजा र हिउदें याममा दाङको तुल्सीपुर अनि घोराही झ्याली त्यति बेलाका राज्यहरुको प्रमुख बजार थिए। तिब्बतीयन र भारतीय व्यापारीहरु यहासम्म आई ठेटुवा, कपास, तेल, घोडा, गाइ, नुन, चामल, कोदो फापर आदि एक-आपसमा सटापट्टा गरेर लिने दिने गर्थे। त्यस्तै हिन्दुहरुका आराध्य देव महादेवकको दर्शन गर्न उति बेलादेखि नै भारतियहरु एक महिना लामो धार्मिक यात्रा गरी तिब्बता मानसरोवर पुग्थे। उनीहरु बर्दियाको राजापुर हुँदै कैलालीको कर्णाली चिसापानी, अछामको जंगलघाट, कालिकोटको लालीघाट, बाजुराको मार्तडी, हुम्लाको सर्केघाट हुँदै तिब्बतको मानसरोवरसम्म पुगी धार्मिक इच्छा पुरा गर्थे।

तिब्बत र भारतसँग दोहोरो सम्वन्ध विस्तार गर्ने तत्कालिन कर्णाली पहिलो राज्य थियो। किनभने यो सम्बन्धको सूत्रधार कर्णाली नदीको किनारै किनारको मार्ग र तिब्बतको मानसरोवरमा अवस्थित हिन्दुहरुको देवाधिदेव महादेवका कारण स्थापित भएको हो। वि.सं. २०४६ भन्दा अघि कर्णाली नदीको तिरको बाटो सारै चलन चल्तीको थियो। यही मार्गवाट भारत र तिब्बत सँग यस क्षेत्रका जनता जोडिएका थिए। चीनले तिब्बतमाथि सन् १९५० मा आक्रमण गर्दा दलाई लामा भारतमा निर्वा्सित हुन पुगेका थिए। त्यति बेला दलाई लामाका समर्थकहरुले भारत जान ज्यादा प्रयोग गरीएको मार्ग पनि यही मार्ग थियो। कर्णाली नदीले कर्णालीवासीलाई मात्र होइन, भारत र तिब्बतसँग जोडेको यो मार्गले भारतिय र तिब्बतीयनहरु समेत एक-आपसमा जोड्ने काम गरेको थियो। यो मार्गले भारत हुदै नेपालको तत्कालिन मध्यपश्चिम, सुदुर पश्चिमसहित तिब्बत र चीनसँग जोड्ने काम गरेको थियो। तत्कालिन समयमा यो मार्गले यस क्षेत्रको आन्तरीक अर्थतन्त्र बलियो बनाउनमा ठूलो योगदान गरेको थियो। जसरी चाइना, एशिया र मध्यपुर्वका युरोपका देशहरुमा ऐतिहासिक सिल्क मार्गले महत्व राखेको थियो त्यस्तै कर्णाली राज्य र भारत हुदै अन्य दक्षिणका देशहरुमा आवतजावतका लागि कर्णालीको तिर हुँदै प्रयोग हुने मार्गले महत्व राखेको थियो। यो मार्ग यो क्षेत्रका जनताको आर्थिक समृद्धिको प्रमुख माध्यम पनि थियो। नेपाली जनताले राजनीतिक अधिकार प्राप्तीका निम्ति धेरै संघर्ष र बलिदान गरेका छन्। जनताको सयौं वर्षको संघर्ष धेरै पछि मात्र वि.सं. २००७ सालमा आएर परिणाममा परिणत भएको थियो। वि.सं. २००७ को आन्दोलन नेपाली जनतामा थप राजनीतिक अधिकार प्राप्तिका निम्ति भोक जगाउने कारण बन्यो। परिणामस्वरुप वि.सं. २०४६ को आन्दोलन हुदै वि.सं. २०६२/०६३ का आन्दोलनहरु सफल भए।

अहिले देश संघिय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थमा आइपुगेको छ। सदियौंदेखिको केन्द्रीयता विगठन मात्र होइन सदाका निम्ति अन्त्य भएको छ। हालको संविधानले सबै जनतालाई समान अधिकार र अवसर प्राप्त गर्ने संबैधानिक अधिकारहरुको कानुनि सुनिश्चता गरेको छ। वि.सं. २००४ देखि संविधान निर्माणको यात्रा शुरु भए पनि वि.सं. २०७२ को संविधानबाहेक अघि बनेका सबै संविधानहरुले जनतालाइ थप अधिकार प्राप्तीको भोक जगाए तर विकासको भोक जगाउन सकेनन्। किनभने त्यसविचमा बनेका संविधान सबै अपुर्ण र अधुरा थिए। वास्तवमै धेरै समयको अन्तरालपछि नेपाली जनतामा विकासको भोक जागेको छ। नेपाली जनताको विश्व समुदायसँग हात मिलाएर विकासको फल चाख्ने तिब्र चाहना बढेको छ। यो मनोविज्ञान कुनै विशेष क्षेत्र, भेग र कहीँ-कतैका जनताको मात्र नभई आम नेपालीको साझा मनोविज्ञान हो। राजनीतिक अधिकार प्राप्तीका निम्ति गरीएका विगतका सबै आन्दोलन अनिर्वाय र आवश्यक भए पनि विकास निर्माणको पक्ष सधैँ ओझेलमा पर्‍यो। इतिहासको संक्षिप्त समीक्षा गर्दा बर्तमान सरकारबाहेक विगतमा बनेका कुनै सरकारले नेपालको विगतको वास्तविक इतिहास बुझ्ने र विगतका सही र राम्रा पक्षको अनुसरण गर्न नसकेकाले नेपाल विकासको गतिमा अन्य देशको विकासको रफ्तार समात्न सकेन। नेपाल अहिलेसम्म मजदुर मात्र उत्पादन गर्ने देशको रुपमा विश्व समुदायमा चिनिन विवश छ। नेपालभित्र कर्णाली प्रदेशको अबस्था दयनिय भएजस्तै विश्व बजारमा नेपालको अवस्था दयनिय छ। वर्तमान सरकारले नेपालको विश्व वजारमा नेपालीको सहज पहुच पुर्‍याउन चीनसँग पारवहन सम्झौता सम्पन्न गरेको छ। यो सबै नेपालीका निम्ति असाधारण खुशी र ऐतिहासिक उपलब्धी हो। जुन उपलब्धीलाई भावि पुस्ताले नेपालको इतिहासमा सम्झिरहनेछ। उत्तरमा रहेको विशाल र सम्पन्नशाली छिमेकीसँग ऐतिहासिक नेपाली पात्र भृकुटी र अरनिकोले जोडेको सम्वन्ध सधै सुमधुर राख्ने सबै नेपालीको साझा चाहना विगतदेखि बर्तमानसम्म उस्तै छ। विशाल भूगोल, विशाल जनसंख्या र सम्पन्न अर्थतन्त्र भएको समृद्ध छिमेकीसँग पुर्ण जोडिन नेपाली जनताले संघिय लोकतान्त्रिक व्यवस्था देशमा नआउदासम्म पर्खिनुपर्‍यो। झन्डै अढाइ सय बर्षपछि नेपाल र चीनको रोटी, बेटी र मितको सम्बन्धमा नयाँ आयम थपिएको छ।

वर्तमान सरकारले पारवहनका लागि चीनसँग नेपालले प्रयोग गर्न सक्ने ६ वटा नाकाहरुको सम्झौतामा हस्ताक्षर गरेको छ। तीनवटा सुख्खा बन्दरगाह सिगात्से, ल्हासा, लान्चाओ र चारवटा सामुद्रिक बन्दरगाह त्याञ्जेन, सेन्जेन, ल्यानयोङहाङ, झाङजियाओङ उपलब्ध गराएको छ। तिनको प्रयोगका लागि हुम्लाको यारी, मुस्ताङको नेचुङ, रसुवाको रसुवागडी, सिन्धुपाल्चोकको कोदारी, संखुवासभाको किमाथांका र ताप्लेजुङको ओलाङचुङगोला प्रयोग गर्न सकिने नाकाहरु हुन। यि सबै नाकाहरुको देश र प्रदेशको विकासका लागि ठुलो महत्व छ। सातै प्रदेशहरुको समग्र पक्षको तुलना गर्दा सबै हिसाबले पछाडी परेको प्रदेश कर्णाली हो। प्रदेशको विकासका निम्ति देशको सिमानासँग जोडिएका छिमेकीसँग सिमाना जोडिनु पनि विकासको एक महत्वपुर्ण सूचकाङ्क हो। कर्णाली प्रदेशमा रहेका तिन जिल्ला हुम्ला, मुगु र डोल्पाको अधिकांश भूभाग तिब्बतसँग जोडिएको भए पनि यातायातको संजालमा नजोडिएकाले तत्काल चिनिया बजारमा उत्पादित सामानको प्रयोगका लगि काठमाडौंको बजारको अर्को विकल्प थिएन। छिमेकी भारतसँग यो प्रदेशका कुनै जिल्लाले नछुँदा यो प्रदेशले समृद्धि हासिल गर्न अन्यका तुलनामा महँगो नै हुनेछ भन्ने

बाँकी ४ पृष्ठमा....

## सातको भाग्यफल

**मेष** : प्रारम्भमा व्यावहारिक कठिनाइ देखा पर्नाले ठूलो उपलब्धि नहुन सक्छ। तापनि कर्मयोगले समाजमा स्थापित गराउन सक्छ।

**वृष** : प्रारम्भमा अप्ठ्यारो परिस्थितिसँग सम्झौता गर्नुपर्ला। काम गर्दा समेत जस नपाइनाले मन खिन्न रहनेछ। परिबन्धले केही झमेला निम्त्याउन सक्छ।

**मिथुन** : सकारात्मक परिणामले उत्साह जगाउनेछ। व्यावसायिक काममा राम्रो फाइदा हुनेछ। प्रेमको बन्धन कसिनेछ।

**कर्कट :मिहिनेतले अवसर दिलाउनेछ भने प्रतिद्वन्द्वीहरू पछि पर्नेछन्। रोकिएका काम बन्नाले आम्दानी बढ्नेछ। खर्च लागे पनि दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ।**

**सिंह** : खानपानको अनिमियतताले स्वास्थ्य कमजोर रहला। स्वास्थ्यमा केही समस्या देखिए पनि काममा मिहिनेतको प्रतिफल प्राप्त हुनेछ।

**कन्या** : आफन्तहरू नजिकिए पनि परिस्थिति आफ्ना लागि अलि प्रतिकूल रहने देखिन्छ। काम बिग्रने भयले सताउन सक्छ।

**तुला** : विशेष अवसरले ठूलै काममा हिम्मत दिलाउनेछ। दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ। पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ।

**वृश्चिक**: काम दोहोर्‍याउनुपरे पनि प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आर्थिक रूपमा मनग्गे फाइदा हुनेछ। जुझारू कार्यशैलीले विशेष अवसर दिलाउनेछ।

**धनु** : शुभचिन्तकहरूको सहयोग जुट्नाले चिताएको काम सम्पादन हुनेछ। लगनशीलताले गुमेको प्रतिष्ठा दिलाउनेछ।

**मकर**: प्रारम्भमा केही खर्च लाग्ने काम हुन सक्छ पनि प्रतिष्ठत काम गर्ने अवसर प्राप्त हुनेछ। अभावका बाबजुद पछिका लागि खर्च गर्नुपर्ला।

**कुम्भ** : सुरुमा आयआर्जन राम्रो हुनेछ। व्यापारमा लाभांश बढ्नेछ भने उठ्नुपर्ने रकम हातलागी हुनेछ। सहयोगीहरू फेला पर्नेछन्।

**मीन** : प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ। आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ। मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ।

# सर्ट हान्दा चारवटा भागेरा मरे

**मिसन न्युज**

**कालीकोट-** साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा भलिबलका खेलाडीको नाम लिँदा कालीकोट जिल्लाको खाँडाचक्र नगरपालिका-१ (साविकको मान्म गाविस)मा वि.सं. २०२५ कार्तिक २० गते जन्मिएका ऐनबहादुर शाहीको नाम आउँछ । कुनै बेला भलिबलका हस्ती खेलाडीका रूपमा चर्चित शाही अहिले नेपाल भलिबल संघका केन्द्रीय उपाध्यक्ष पनि हुन् । २०६६ सालमा भलिबल संघको केन्द्रीय सदस्यमा निर्वाचित भएका शाही त्यसपछिका दुई कार्यकालमा उपाध्यक्ष पदमा निर्वाचित भएका छन् । भलिबल खेल्नका लागि उचाइले साथ दिएका शाहीको ६ फिट २ इन्च उचाइ रहेको छ। अहिले शाहीले खेल जीवनबाट सन्यास लिइसकेका छन् । खेल जीवनका विभिन्न पाटाका विषयमा शाहीले पत्रकार रमेश रावललाई यसरी सुनाए ।

**मोजाको भकुण्डो**

साविकको कर्णाली अंचलमा अहिले जस्तो गाडी र सडक अनि अन्य पूर्वाधारको विकास भएको थिएन । पूर्वाधारको विकास नभएको कर्णालीको कालीकोट जिल्लामा बजारको विकास भएको थिएन । भलिबल आर्थिक अवस्था राम्रो भएको विद्यालयमा मात्र हुन्थ्यो । सानै उमेरमा घरमा मोजाको भकुण्डो बनाएर एकआपसमा खेल खेल्ने गरेका थियौं । मोजाको भकुण्डो खेल्दाखेल्दै स्कुल जीवनमा प्रवेश भयो । स्कुल जीवन सुरु भएपछि मभन्दा सिनियर खेलाडीहरूले भलिबल नै छुन नदिने । खेलभन्दा बाहिर गएको बल समाएर चित्त बुझाउनु पर्‍थ्यो । माध्यमिक तहमा पढ्दा भलिबल खेल्न थालियो । जिल्लास्तरीय भलिबल रनिङ शिल्डमा त्यतिबेला माध्यमिक विद्यालयमा पढ्ने विद्यार्थी भाग लिने गर्थे । मैले त्यहीँ भलिबलमा निखारता ल्याउने कोसिस गरेँ । हामीले सधैं वीरेन्द्र रनिङ शिल्डमा प्रथम स्थान हासिल गर्न थाल्यौं । म त्यति बेला राम्रो खेलाडी बनिसकेको थिएँ। म जिल्लाबाट प्रतिनिधित्व गर्ने खेलहरूमा भाग लिन थालेँ । त्यतिबेलामा अंचलस्तरीय खेल हुने गरेका थिए । क्षेत्रीयस्तरका भलिबल खेल हुने गर्थे । २०४३ सालमा क्षेत्रीयस्तरको भलिबल खेल सल्यान जिल्लामा भयो । त्यसमा मैले पहिलो पटक जिल्लाको प्रतिनिधित्व गर्दै खेल खेलेको थिएँ । मेरै राम्रो प्रदर्शनका कारण हामीले तेस्रो स्थान हासिल गर्‍यौं ।



**राष्ट्रिय टिममा प्रवेश**

राष्ट्रियस्तरका खेलमा पाँच विकास क्षेत्र र अंचलले मात्र खेल्न पाउँथे । त्यही सल्यानमा राम्रो खेलेका कारणले मध्यपश्चिममा क्षेत्रीय टिममा मेरो नाम सेलेक्ट भयो । अंचलबाट खेल्न थालेँ । राष्ट्रिय टिमसँग महेन्द्रनगर, विराटनगर लगायतका विभिन्न ठाउँमा गएर राष्ट्रिय खेल खेलेँ ।

**'कहिल्यै पदकविहीन भएनौँ'**

मैले भलिबल खेल्न कालीकोट जिल्लाको प्रतिनिधित्व गर्न थालेपछि हामी कहिल्यै पदकविहीन भएर फर्केनौँ । अंचलस्तरीय भएका खेलमा दुई पटक प्रथम, दुई पटक दोस्रो र एक पटक तेस्रो स्थान हासिल गरेका थियौं । दाङमा भएको क्षेत्रीय खेलमा हामीले पहिलो स्थान हासिल गर्‍यौं । त्यो बेलासम्म बर्दियाले पहिलो

बाँकी ८ पृष्ठमा..


**सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

**सम्पुर्णमा हाम्रो अनुरोध**

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# कर्णाली प्रदेशको विकासमा................

सबैको सोच थियो । उत्तरतिर जोडिएका डोल्पा हुदै चीनको मरिम्ला नाका र मुगुको नाङचे नाङला नाका तत्कालका लागी उपयोग गर्न नसके पनि हुम्लामा रहेको ऐतिहासिक महत्व बोकेको र कर्णालीका पुर्खाले पैदेल हिडेर प्रयोग गरेको हिल्सा यारी नाका सजिलै प्रयोग गर्न हिजो पनि सकिन्थ्यो । तर विगतका सरकारको यसप्रति ध्यान नदिएकाले यो नाका हुम्लीवासीले पनि निर्वाध प्रयोग गर्न सकेनन् । कर्णालीका पुर्खाले २० दिन हिँडेर यात्रा गरेको नाका यारी हो । यो नाका सबै कर्णालीवासीले देखेको, भोगेको र राम्रै चिनेको सजिलो नाका हो । ५ नं. प्रदेशको बाँकेको सिमाना रुपडियादेखि हिल्सा मोटर बाटो कुल लम्बाइ ५४६ कि.मि. रहेको छ । जसमध्ये कालिकोटको पुरै भाग र बाजुरा हुदै हुम्लाको सिमानासम्म ट्याक केहीबाहेक सबै नेपाली सेनाले खोलिसकेको छ । हुम्लाको सिमकोट हिल्साको ९५ कि.मी. मध्ये ९० मि.मि.को ट्याक खोलिसकिएको छ। हुम्लाको तल्लो भागमा रहेको झन्डै ८० कि.मि. को ट्याक खोल्ने हो भने कर्णाली प्रदेशका बासिन्दा सोझै चीनसँगको सडक सञ्जालमा जोडिन्छन् । बाँकेको रुपैडियादेखि हिल्सासम्म पुग्ने सडक यो क्षेत्रको आर्थिक उन्नति र प्रगतिको मेरुदण्ड बन्नेछ भने भारत र चीनका व्यापारीका निम्ति पनि सेतुको काम गर्नेछ । त्यस्तै भारतीय र नेपाली हिन्दू धर्मावलम्बीहरुका निम्ति यो मार्ग धार्मिक पर्यटन मार्ग बन्नेछ । सडकको बाकी रहेको काम केन्द्र र प्रदेश सरकारले द्रुत गतिमा गर्ने हो भने बढीमा ६ महिनामा यसको काम सम्पन्न हुने देखिन्छ । बर्तमान सरकारले चीनसँग गरेको चीनका बन्दरगाह प्रयोग गर्ने ऐतिहासिक सम्झौताको फाइदा छिट्टै कर्णाली प्रदेशले लिन सक्छ । यो सम्झौताले कर्णालीको समृद्धिको ढोका खोलेको छ। **(लेखक शाही नेकपा एमाले, कालीकोटका पूर्वअध्यक्ष हुनुहुन्छ ।)**

# बालअधिकार कार्यान्वयन....................

भेलाको उद्घाटन समारोहमा कालिकोटबाट प्रतिनिधिसभा सदस्य दुर्गबहादुर रावत, प्रदेशसभा सदस्य कुर्मराज शाही, प्रमूख जिल्ला अधिकारी चन्द्रबहादुर कार्की लगायत कानुन व्यवसायी समेत सहभागी थिए । दुईदिने भेलामा जिल्लाभरीका ७५ जना बालबालिका सहभागी छन् । साथै जिल्लाका तीन वटा नगरपालिकाबाट १०/१० जना र ६ वटा गाँउपालिकाबाट ५/५ जना र जिल्ला बाल संजालका पदाधिकारी सहित बालबालिकाहरु सहभागी छन् । सोमबार सुरु बाल भेला बालबालिका सम्बन्धि अवधारणा सार्वजनिक गर्दै मंगलबार सम्पन्न हुने बताइएको छ ।


## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method )

अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।


३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय

कालिकोट


# स्वास्थ्य

## मृत्युको कारण बन्दै मस्तिष्कघात



मस्तिष्कघात भन्नाले दिमाग र मेरुदण्डमा अचानक रक्त सञ्चालनमा अवरोध हुने प्रक्रिया अथवा नसा फुटेर रक्तश्राव भई स्नायुको कामलाई असर पुगी शरीरको कुनै भागरअङ्गमा कमजोरी देखिने अवस्थालाई जनाउँछ । मस्तिष्कघातले निम्त्याउने अपाङ्गताले बिरामीलाई चाहिने स्याहारसुसार, पारिवारिक सहयोग र पुनःस्थापनामा केन्द्रित गर्न यस वर्षको नारा तय भएको बताइन्छ । ग्रान्डी अन्तराष्ट्रिय अस्पतालका वरिष्ठ नसारोग विशेषज्ञ डा राजु पौडेल मस्तिष्कघातका बारेमा आमजनतामा चेतना अझै नरहेको र छिटो भन्दा छिटो अस्पतालमा पुर्‍याएमा बिरामीलाई यसबाट पर्ने दूरगामी असर धेरै कम गर्न सकिने बताउछन् । हरेक वर्ष एक करोड ४० लाख मानिस मस्तिष्कघातबाट प्रभावित हुने गर्दछन् ।

विश्वमा साठी लाखको त यही कारण मृत्यु हुने गर्दछ । शारीरिक सन्तुलनमा अचानक गडबड, आँखा कमजोर, अनुहार बाङ्गिनु, हात वा गोडामा कमजोरी, बोली लरबरिनु लगायत यसका प्रारम्भिक लक्षण रहेको चिकित्सक बताउछन् । डा पौडेल भन्नछन् 'यीमध्ये कुनै लक्षण देखिएमा चार घण्टाभित्र अस्पतालमा पुर्याउन सकिएमा मस्तिष्कघातले निम्त्याउने धेरै असरलाई न्यूनीकरण गर्न सकिन्छ ।' एक अध्ययन अनुसार नेपालमा मस्तिष्कघात भएकामध्ये ६० देखि ७० प्रतिशत रक्तनलीमा हुने अवरोध (रक्तश्राव) का कारण भएको पाइएको थियो, तर विकसित देशमा रक्तश्राबबाट कमै मात्रमा मस्तिष्काघात हुने गर्दछ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार हरेक दुई सेकेण्डमा एकजना मस्तिष्कघातबाट पीडित हुने र दश सेकेण्डमा एकको मृत्यु यही कारण हुने गर्दछ । हरेक वर्ष एक करोड ४० लाख मानिस मस्तिष्कघातबाट प्रभावित हुने गर्दछन् । विश्वमा साठी लाखको त यही कारण मृत्यु हुने गर्दछ । मृत्युको दोस्रो कारक तत्वका रुपमा यसलाई लिइन्छ । ६ मध्ये एकलाई मस्तिष्काघात हुनसक्ने अध्ययनले देखाएको छ । **मस्तिष्कघात हुन नदिन के गर्ने त ?**-डा पौडेल मस्तिष्कघातको जोखिम न्यूनीकरण गर्न रक्तचाप, मधुमेह, मोटोपन, खानपान लगायतमा ध्यान दिनुपर्ने सुझाव दिन्छन् । उनी भन्छन्, 'रक्तचाप नियन्त्रण, समयमै मधुमेहको पहिचान र उपचार, मोटोपना र तौल नियन्त्रण, शरीरको रगतमा भएको कोलेस्ट्रोलको मात्रा नियन्त्रण, धुमपान तथा मद्यपान सेवन नगर्ने, अनुशासित जीवनशैली र पद्धति अपनाउनुपर्छ ।' यस्तैगरी मस्तिष्कघात पछि हुने कमजोरी विश्वमा नै अपाङ्गताको दोस्रो ठूलो कारणको रुपमा रहेको छ । यो धेरैजसो मानिसमा ६० वर्षपछि देखिए पनि एक चौथाइ मानिस भने सक्रिय जीवन बिताइरहेका समयमा हुने चिकित्सक बताउछन् ।


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

महावै गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

कालिकोट

# चौरीपालनतर्फ आकर्षित हुँदै हुम्लाका किसान

**मिसन न्यूज**

**हुम्ला (सिमकोट) -** उत्तरी हुम्लाका किसानहरुले व्यवसायिक रुपमा चौरीपालन गर्दै आएका छन् । खेतीयोग्य जमिन नभएकाले यहाँका किसानहरुले मुख्य व्यवसायका रुपमा चौरी, भेंडा-बाखा, घोडा-खच्चड पाल्दै आएका हुन् । चौरी गाईको दूधबाट घिउ, छुर्पी, थुत र मिठाइ बनाउँछन् । चौरीको रौंबाट लिउ, फेरुवा, रसी, झोला, लत्ताकपडा र खर्कका लागि पाल समेत बनाइने चौरीपालक किसान सुनामहिंसे तामाङले बताए । उनका अनुसार चौरीको मासु खाने र छालाबाट बख्खु पनि बताइन्छ । यस क्षेत्रम वर्षमा महिनामा एक पटक मात्र उत्पादन हुने नाफल (उवा)बाहेक अन्य बाली उत्पादन नहुने भएकाले यस क्षेत्रका वासिन्दा पशुपालन व्यावसाय गर्दै आएको नाम्खा गाउँपालिका-१ का सुनाम लामाले बताए । एउटा चौरी ६० देखि ८५ हजार रुपैयाँ र याक ५० हजार रुपैयाँसम्म बिक्री हुने टिसी तामाङले बताए । उनले चौरीजन्य बस्तुको बिक्रीबाट वार्षिक छ लाख रुपैयाँ आम्दानी गर्दै आएको बताए । यस्तै, उत्तरी नाम्खा गाउँपालिकाका-६ लिमी गाउँका पाल्जोर तामाङले ७० वटा चौरी पालेका छन् । लिमीगाउँमा प्रति परिवारले चौरी पालनबाट वार्षिक सात लाख रुपैयाँभन्दा बढी आम्दानी गर्दै आएको उनको भनाइ छ । चौरी पालनबाट राम्रो आम्दानी हुने भएकोले उच्च हिमाली भेगामा बसोबास गर्ने किसानहरूमा चौरीपालनप्रति आकर्षिण हुँदै गएको पाल्जोरले बताए । यहाँका चौरी हुम्लामा मात्र नभई चीनको स्वशासित क्षेत्र तिब्बतमा समेत राम्रो मूल्यमा बिक्री हुने भएकाले पनि यस क्षेत्रका किसान चौरी पालनमा आकर्षित भएका छन् । चरन अभाव उच्च हिमाली क्षेत्रमा चौरीपालन गरिने भएकाले समस्या पनि हुने गरेको छ । चार हजार फिटको उचाइमा चौरी पालन गरिने भएकाले यस क्षेत्रमा पाँच महिनासम्म हिउँले ढाँक्ने गरेको छ । हिउँले ढाकेपछि चरनको अभाव हुने गरेको आङमु लामाले बताइन् । उच्च हिमाली भेगका पाटनमा रहेको चौरी हिउँदयाममा बेंसीमा झार्दा बिरामी पर्ने गरेको लामाले बताइन् । बिरामी भएका बेला उपचार नपाउँदा चौरी गाई मर्ने समस्या भएको उनको भनाइ छ । हुम्लाको लिमी गाउँको टाँक्ची, लाप्चा, ठेहेको चुवाँखोला, मुचुको हयाँक्सी लगायतका वनमा चौरीका चरन क्षेत्र हुन् । यस्तै, तिब्बतको पठारमा क्षेत्रमा पनि यहाँका चौरी हिउँदयाममा चरनका लागि लगिने भए पनि पछिल्लो समय चीन सरकारले प्रतिबन्ध लगाएपछि समस्या भएको किसानहरुको भनाइ छ ।




**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**प्रमुख प्रशासकीय अधिकृत**
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## अन्तराष्ट्रिय न्युज

# अमेरिकाद्वारा रोहिंग्या सरणार्थीको सम्मानजनक फिर्ता हुनु पर्ने माग

**वासिङटन (एजेन्सी)-**अमेरिकाले बंगलादेशबाट रोहिंग्या सरणार्थी म्यान्मारमा स्वेच्छिक र सम्मानजनक फिर्ता हुनु पर्ने माग गरेको छ । साथै ढाकालेसरणार्थीका लागि सम्पुर्ण गतिविधि गर्न पाउने स्वतन्त्रता र उनीहरुलाई सिविरहरुमा मात्र सिमित नगर्नेसुनिश्चित गर्नु पर्ने वासिंगटनले जनाएको छ । बंगलादेश र म्यान्मार बीच विगतका महिनामा लाखौं रोहिंग्या मुस्लिमलाई मध्य नोभेम्बरमा देश फिर्ता गर्ने सहमति भएको थियो । ती रोहिंग्या सरणार्थी म्यान्मारमा सेनाले चलाएको अभियानपछि देश छोडेर बंगलादेश पलायन भएका थिए । सम्झौता अनुसार पहिलो समुहमा बंगलादेशबाट २ हजार रोहिंग्या मुसलमान म्यान्मार जानेछन् । त्यसपछि अर्को समुह प्रस्थान गर्नेछ । अमेरिकी विदेश मन्त्रालयले जारी गरेको एक विज्ञप्तीमा दुबै देशका सरकारका उच्च स्तरका अधिकारीहरुलाई समय अगाडी फिर्ता गर्ने विषयमा आफनो गम्भिर चिन्ताका बारे अवगत गराएको उल्लेख गरेको छ । अन्तराष्ट्रिय प्रचलन



अनुसार स्वेच्छिक, सुरक्षित र सम्मानित तरिकाबाट सरणार्थी फिर्ता हुन पर्ने जोड दिइएको विज्ञप्तीमा उल्लेख गरिएको छ । म्यान्मार फिर्तापछि उनीहरुलाई सम्पुण गतिविधि गर्न स्वतन्त्र हुनु पर्ने र उनीहरु सिविरमै सिमित हुन नहुनेमा पनि जोड दिएको विज्ञप्तीमा उल्लेख गरिएको छ । अमेरिकी विदेश मन्त्रालयले संयुक्त राष्ट्रको सरणार्थी मामिला हेर्ने उच्च आयुक्त (युएनएचसीआर)ले दिएको प्रतिवेदन प्रति पनि आफनो सहमति रहेको जनाएको छ । उक्त प्रतिवेदनमा रोहिँग्या सरणार्थीको फिर्ताका लागि म्यान्मारमा स्थिति अझै अनुकुल नभएको उल्लेख गरिएको थियो ।

## ज्ञानमाला

१.चौधौ योजना अनुसार कृषि क्षेत्रको लक्ष्य कति रहेको छ ?
- 4.70%

२.साढे जुझाई कसको संम्झनामा चलाएको थियो ?
-जय पृथ्विवहादुर सिंह

३.L.P.G मा कुन ग्यास हुन्छ?
- ब्युटेन

४.समावेशी लोकतन्त्रका प्रतिपादक को हुन ?
- टकिस फोटोपउलस

५.डोनाल्ड ट्रम्पले कति ईटेक्ट्रोलर मत प्राप्त गरेका थिए ?
- 276

६.तलका मध्ये व्रिक्समा पर्ने राष्ट्र कुन हो ?
-द.अफ्रिका

७.फिफाको प्रथम महिला महासचिव फातिमा समोरा कुन देश की हुन ?
-सेनेगल

८.2068 को जनगणना अनुसार नेपालमा वृध्दको संख्या कति छ?
- 8.13%

९.दिगो विकास लक्ष्य (SDGS) को चौथो लक्ष्य कुन हो ?
-quality education (सवैका लागी स्तरीय शिक्षा को अवशर)

१०.विश्व खुसी सुचकाङ्क 2016 मा नेपाल कति औ स्थानमा रहेको छ?
- 107औँ

११.नेपाल र विदेशी संयुक्त लगानीमा खोलिएको पहिलो वैङ्क कुन हो ?
-नविल वैङ्क

१२.राष्ट्रिय युवा प्रतिभा पुरस्कार 2072 वैज्ञानिक र खोज अनुसन्धान तर्फ कस्लाई प्रदान गरियो ?
-डा.सुमन सत्याल

१३.निम्न पदहरुलाई मर्यादा क्रममा मिलाउने ?
-सर्वोच्चका न्यायधिश,सहायक मन्त्री,लोकसेवा आयोगका अध्यक्ष,मुख्य सचिव

१४.नेपालमा सार्वजनिक यातायातको शुरुवात कहिलेवाट भएको हो ?
-वि.स. 1996

१५.सन 2014 मा सार्क मुलुक मध्ये सवैभन्दा वढी आर्थिक वृध्दिदर भएको देश कुन हो?
-भारत

१६.खसराज्य कुन ठाउमा थियो ?
-जुम्ला(कर्णाली)


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।
रास्कोट नगरपालिका कार्यालय
कालिकोट



एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥
पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु


| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# कृषि उद्यमले घटायो गरिबी

**मिसन न्यूज**

**सुर्खेत –** सुर्खेतसहित कर्णाली प्रदेशका सात जिल्लामा कृषि उद्यममार्फत गरिबी घटेको अनुसन्धानका क्रममा पाइएको छ। स्याउ, अदुवा, खसीबोका, बेमौसमी तरकारी, टिमुर, बेसार र तरकारीको वीऊ उत्पादनबाट झण्डै १६ हजार कृषकको आम्दानीमा बृद्धिसँगै जीवनस्तर गुणस्तरीय बनेको अनुसन्धानले देखाएको छ । उच्च मूल्य कृषि विकास बस्तु आयोजनाले सुर्खेतसहित दैलेख, कालिकोट, जुम्ला, जाजरकोट, सल्यान र अछाममा उच्च मूल्य कृषिबस्तुको उत्पादनमा सात वर्षदेखि बिभिन्न सहयोग गर्दै आएको छ । सात बर्षको अवधिमा किसानको आम्दानी प्रतिपरिवार १० हजारले बृद्धि भएको छ। आयोजना सुरु गर्दा कृषकको आम्दानी बार्षिक ३० हजार थियो भने अहिले ४० हजार रुपैयाँ पुगेको छ । कार्यक्रम लागू पूर्व अति गरिव २६ प्रतिशत रहेकोमा अहिले त्यो संख्या पाँच प्रतिशतमा झरेको छ। यस्तै ४४ प्रतिशत रहेका मध्यम गरीबको संख्या घटेर २४ प्रतिशतमा झरेको छ । पहिले खान पुग्नेको संख्या १०



प्रतिशत रहेकोमा अहिले त्यो बढेर ३५ प्रतिशतमा पुगेको अनुसन्धानमा संलग्न माउण्ड डिजिट प्रालिले जनाएको छ । ६ महिना लगाएर अनुसन्धान गरिएको थियो। प्रालिका टिम लिडर डा. मधुसुदन भटराई र डा. निर्मल विश्वकर्माले अनुसन्धान गरेका हुन्। अनुसन्धानबाट सबैभन्दा धेरै तरकारीको बीउका कारण आम्दानीमा बृद्धि भएको पाइएको छ। आयोजनाले उच्च मूल्य कृषि बस्तुमा ६५ करोड ८२ लाख रुपैयाँ लगानी गरेको थियो । १३ हजार ५ सय घरधुरीलाई लक्षित गरी थालिएको कार्यक्रममा १५ हजार ९ सय ६५ घरधुरी लाभान्वित भएको आयोजना प्रमुख राजेन्द्रप्रसाद भारीले बताए । कान्तिपुरबाट


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## सर्ट हान्दा चारवटा ...

स्थान हासिल गर्ने गरेको थियो । त्यो रेकर्ड हामी तोड्यौं । दाङमा भएको खेलले नै मलाई राष्ट्रिय टिममा राख्न बाध्य भएको थियो ।

### अधुरो सपना

८औं सार्कमा म भलिबलको राष्ट्रिय टिममा परेको थिएँ । त्यतिबेला राष्ट्रिय टिमका कोच हुकुमबहादुर गिरी थिए । उनी दाङका हुन् । राष्ट्रिय टिममा उनले राम्रा खेलाडीभन्दा पनि हाम्रा खेलाडीलाई राखे । मैले त्यो कुरामा असहमति जनाएँ । राष्ट्रिय टोलीमा रहेर नखेल्ने निर्णय गरें । त्यतिबेलाको खेलकुद परिषद्लाई जानकारी गराए । त्यतिबेला का खेलकुदमन्त्री पूर्णबहादुर खड्का थिए । हामीले त्यो कुरा मन्त्रीसँग राख्यौं। मन्त्रीले भलिबलका राष्ट्रिय कोचबाट गिरीलाई हटाए । तर सार्क खेल त्यो बेलासम्म ढिला भइसकेको थियो । मेरो सार्क खेल खेल्ने योजना त्यहीं तुहियो । मेरो सार्कमा नेपालका लागि पदक लिने योजना थियो । त्यो सफल हुन पाएन । मलाई त्यसैमा दुःख छ ।

### आर्मी र पुलिस क्लवको अफर

अहिले खेल खेलेर बाँच्ने आधार नभएको बेला त्यतिबेला राम्रा खेलाडीलाई त्रिभुवन आर्मी क्लव र पुलिस क्लवले लैजाने गरेको थियो । मेरो भलिबलमा राम्रो खेल भएका कारण त्रिभुवन आर्मी क्लव र पुलिस क्लवमा रहेर खेल्न अफर आएको थियो । मैले घरपरिवारलगाएतका विभिन्न कारणले दुवै क्लवबाट आएका अफर स्वीकार गरिनँ ।

### 'चारवटा भँगेरा मरे'

त्यतिबेला कालीकोट जस्तो दुर्गम क्षेत्रमा खेल्नका लागि फिल्ड थिएन । अभ्यास खेल हामी जिल्लामा जिल्ला प्रहरी कार्यालयमा जान्थ्यौं । नेपाल प्रहरीका जवानसँग अभ्यास खेल खेल्ने गरेका थियौं । जिल्ला प्रहरी कार्यालय कालीकोट मा अभ्यास खेल खेलिरहेका थियौं । अभ्यास खेलका क्रममा मैले सर्ट हानें। सर्ट हानेको बल भुइँमा जोडले बजारियो र आकाशमा गयो । आकाशमा भँगेराको बथान उडिरहेको रहेछ । जोडले हानिएको बल भुइँमा हुँदै आकाशमा बत्तिएपछि आकाशमा उडिरहेका भँगेरामा लागेछ । बलसँगै चार भँगेरा पनि जमिनमा मरेर खसे ।

### खेलकुदमा अतिराजनीतीकरण

नेपालको हरेक ठाउँमा राजनीतीकरण गर्नाले सबै क्षेत्र बिग्रिएको छ। राजनीतीकरणकै कारणले नेपालले अहिले खेलकुद क्षेत्रका विकासको फड्को मार्न सकेको छैन। खेदकुद क्षेत्रलाई राजनीतीकरण गरिनाका कारणले अहिले हामी खेलकुदमा पछाडि परेका छौं। म त भन्छु, खेलकुदलाई राजनीतीकरणभन्दा पनि व्यावसायीकरणको आवश्यकता छ । विद्यालयस्तरदेखि नै खेलकुदलाई पनि अनिवार्य गरिनु आवश्यक छ ।

## नगरपालिकाको गाडीमा...

गाडी चालक अम्मल फर्शाल भएपनि छोराको साथमा तिहारको मौका पारेर उनले सुर्खेत र नेपालगंजतिर छोरालाई गाडी सिकाएका हुन् । उता नगर प्रमुख बरालले भने छोरा दिनेशले गाडी नचलाएको दावि गरेका छन् ।

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।, २. साभँ पख सधै ज्वरो आउनु ।, ३. खाना खान मन नलाग्नु ।,४. तौल(वजन) घट्नु । ५.खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।**

**पचाल झरना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कालीकोट**

## बेरोजगारले युवा भारत...

बुढापाका, आमाबुबा र कलिला छोराछोरीलाई छोडेर सयौं पुरुष कामको खोजीमा भारत लागेका छन् । गाउँ नै खाली हुने गरी युवा भारत जान लागेका छन् । बेरोजगारको चपेटामा परेका सयौं युवा भविष्यको खोजीमा बर्षेनी यसरी भारत जान्छन् । जानेमध्ये कतिपय नौला छन् भने अधिकांश खेतीपाती गर्न घर आएका हुन्छन् ।

'खेतीपाती सकेर फेरि भारत जान लागेका छौं', रास्कोट नगरपालिका १ का कमल बहादुर शाहीले भने, के गर्ने, सानो खेत भएकाले त्यसैले परिवार पाल्न सकिँदैन, भारतकै जागिरले परिवार पालिरहेको छु ।' खेतीपाती सकेर युवा भारत गएपछि गाउँ रित्तो हुन थालेको स्थानीयले बताए । यहाँका युवा भारतमा चौकीदारी, घरेलु काम, कम्पनी तथा होटलमा मजदुरी गर्छन् । औसतमा वार्षिक एक जनाले ६० र ६५ हजार भारु कमाउने भए पनि घर फर्किंदा उनीहरूका हातमा २० र ३० हजार रुपैयाँसम्म मात्र बच्ने गर्छ ।

### जुगाँ हेरेर रोजगार

स्थानीय तहका जनप्रतिनिधि आएपछि गाउँमा झनै बेरोजगार मौलाएको मानवअधिकारकर्मी दमनराज बमले बताए । उनले भने, 'पहिला र अहिलेको शासन सत्ता फरक छ । मानिसको योग्यता क्षमता र दक्षताको आधारमा रोजगार मिल्थ्यो अहिले जुगाँ हेरेर रोजगार दिने चलन आएको छ । त्यसैले गर्दा युवा भारत पलायन भएका हुन् ।' हाल स्थानीय तहमा डोजरलाई मात्र रोजगार भएको छ । उपभोक्ता समिति नामका मात्र छन् । तर, जनशक्ति प्रयोग भएको विल भपाई र डोरहाजिर मिलाएर रकम भुक्तानी दिने गरिएको छ । विगतको तुलनामा स्थानीय तह आएपछि झनै वेरोजगारले गाउँ पिरलिएको छ । एउटा स्थानीय तहमा ३ देखि ४ वटा डोजरले काम गर्ने गरेका छन् । तर, ति डोजर चलेका गाउँका अधिकांस स्थानीय भारत जाने गरेका छन् । गाउँमा कुनै पनि आयास्रोत नभएपछि स्थानीय विदेशिनु पर्ने बाध्यता छ । कालिकोटका ९ स्थानीय तह मध्ये ३ नगरपालिका र ६ वटा गाउँपालिका रहेका छन् । जसमा पावर र पहुँचवालाको हालिमुहाली मात्र छ । जनप्रतिनिधिले गर्दा युवा वेरोजगार हुनु परेको स्थानीय काली विक्रम शाहीले बताए ।

**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

**हाम्रा विशेषताहरु**

- सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्रीउत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३

**इमेल** : bestkarnalimedia@gmail.com

missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
MISSION News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

**सम्पादक** : पवित्र शाही, **प्रवन्ध सम्पादक** : निर्मला शाही, **समाचारदाता** : लिलाराज संज्याल, **कार्यालय** : खाँडाचक्र न.पा.-१ कालिकोट , **फोन नं.** - ०८७-४४०२४२, ९८४८०४९४५५,९८६८३१५३५३ , **इमेल** : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com **मुद्रणः** ईश्वर अफसेट प्रेस खाँडाचक्र-१, कालिकोट